# कोरियाली रेलमा नेपालको पर्यटन प्रवर्द्धनसम्बन्धी भिडियो

सौर्य समाचार

काठमाडौँ । दक्षिण कोरियाका लागि नेपाली राजदूतावासले तयार पारेको नेपालको पर्यटन प्रवर्द्धनसम्बन्धी प्रवर्द्धनात्मक भिडियो कोरियाको रेलमा प्रदर्शन गरिएको छ । सउल-बुसान रुटमा सञ्चालन हुने केटिएक्स हाइ स्पिड ट्रेन नं १०१ मा सो भिडियो प्रदर्शन गरिएको हो ।

यही फेब्रुअरी १ देखि प्रदर्शन भइरहेको उक्त १७ सेकेन्डको भिडियो 'स्क्रिनिङ'का लागि दक्षिण कोरियाका लागि नेपाली राजदूत डा.शिवमाया तुम्बाहाङ्फेले १४ अप्रिल २०२५ मा कोरेलका प्रमुख कार्यकारी अधिकृतसँगको भेटमा प्रस्ताव गरेकी थिइन् ।

कोरेल र योनहाप समाचार एजेन्सीको सहयोगमा सन् २०२६ को फेब्रुअरीभरि कोरेलद्वारा सउल बुसान रुटमा सञ्चालन हुने उक्त रेलमा दिनमा कम्तीमा २ पटक उक्त भिडियो निःशुल्क 'इन ट्रेन स्क्रिनिङ' गराउन राजदूतावास सफल भएको हो । भिडियोमा लुम्बिनी, सगरमाथा, चितवन राष्ट्रिय निकुञ्ज, स्वयम्भूनाथ र बौद्ध स्तूपाका साथै नेपाली कला र संस्कृतिका केही भिडियो क्लिप समावेश रहेको दूतावासले जनाएको छ ।


**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भकुण्डेबेसी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशन मिति: २०८२/११/१२

यस नगरपालिकाबाट निम्न योजनाहरुको लागि e-bid मार्फत बोलपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

**तपशिल**

| ठेक्का नं. | कार्यको विवरण | लागत अनुमान रु. (मु.अ. कर बाहेक) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| NMUN/NCB/ Works/14/082/83 | Tallo Hatiya Thuldhara Mul Samrakshan. | NRs. 25,05,107.36 | NRs. 75,000.00 | NRs. 3,000.00 |
| NMUN/NCB/ Works /15/082/83 | Upgrading Of Shyampati Kurugaun Bhalukharka, Kaparedhunga etc Road Namobuddha 11. | NRs. 30,43,745.35 | NRs. 95,000.00 | NRs. 3,000.00 |
| NMUN/NCB/ Works /16/082/83 | Upgrading Of B.P. Seradol, Majuwa, Dodeni, Pipalchaur Road Namobuddha 07. | NRs. 13,38,119.75 | NRs. 40,000.00 | NRs. 3,000.00 |
| बैङ्क खाता नं. | Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch<br>Office Name: Namobuddha Municipality Office<br>Office Code: 801032602<br>Rajswo Shirshak: 14219<br>Rajaswa (revenue) account no (for bid fee): Ga-1-1-1540100301010002<br>Dharauti Account No. (For Bid Security): Ga-3-1540100303000002 | | | |

प्रमुख प्रशासकीय अधिकृत



# Invitation for Bids

**Government of Nepal**
**Ministry of Health & Population**
**Pokhara Academy of Health Science Kaski**

***Invitation for Bids No: PoAHS/G/NCB-42, 43/2082-83***

**Date of publication: 24, February, 2026 (12 Falgun, 2082)**

1. The Pokhara Academy of Health Science invites electronic bids from eligible bidders for the Following Items under National competitive bidding – Single Stage Single Envelope procedures as per public procurement act and regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara, Tel- 061- 570547 or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bids electronically and may download the bidding documents for e-submission from PPMO's e-GP II system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   **Name of the Bank:** Rastriya Banijya Bank
   **Name of Office:** Pokhara Academy of Health Science, Pokhara
   **Office Code no.:** 370613901
   **Office Account No.:** 1000100200010000
   **Revenue head No.:** 14229
4. Bids should be submitted to the Pokhara Academy of Health Sciences, Pokhara through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hr (Local Time) on March 26, 2026 (12 Chaitra, 2082) Bids received after this deadline will be rejected.,
5. The bids will be opened in the presesnce of Bidders' representatives who choose to attend at 13:00 hr (Local Time) / 1:00 pm, on March 26, 2026 (12 Chaitra , 2082) at the office of Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by the bid security not less than below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid.
   **If bidder wishes to submit bid security in the form of cash**
   **Name of the Bank:** Agriculture Development Bank,
   **Name of Office :** Pokhara Academy of Health Sciences
   **Office Account no.:** 0316401591248071
   **Account Name:** pratishthan dharauti khata
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The purchaser reservs the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. Evaluation will be done on packagewise basis.
9. The name and identification of the contract are as follows:

| S. N. | Bid No. | Name of Procurement | Bid Document Fee NPR | Bid Security in NPR | Bid Security fee Validity Period |
|---|---|---|---|---|---|
| 1 | PoAHS/G/NCB -42/2082-83 | Procurement of Supply and Installation of PACS Software | 3,000/- | 2,01,000/- | July 24, 2026 |
| 2 | PoAHS/G/NCB -43 /2082-83 | Procurement of Portable X-Ray Machine | 3,000/- | 91,000/- | |

*Director*


# सवारी साधन कर्जाको एलटिभी रेसियो बढाउन माग



सौर्य समाचार

काठमाडौँ । नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले सबै प्रकारका सवारी साधनमा हायर-पर्चेज कर्जाको ऋण-मूल्य अनुपात (एलटिभी रेसियो) बढाउन माग गरेको छ । नाइमाले हाल कायम ६० प्रतिशतबाट वृद्धि गरी अधिकतम ८० प्रतिशत पुर्‍याउन नेपाल राष्ट्र बैंक तथा अर्थ मन्त्रालयसमक्ष औपचारिक अनुरोध गरेको हो ।

नाइमाका अनुसार हालको ६० प्रतिशतको सीमा अटोमोबाइल बजारमा देखिएको सुस्तताको प्रमुख कारणमध्ये एक हो । उच्च प्रारम्भिक भुक्तानीको आवश्यकताका कारण धेरै उपभोक्ता सवारी साधन खरिद गर्न असमर्थ भएका छन् । यसले बिक्रीमा मात्र कमी ल्याएको छैन, समग्र आर्थिक गतिविधि तथा राजस्व संकलनमा समेत प्रत्यक्ष नकारात्मक प्रभाव पारेको छ ।

अटोमोबाइल क्षेत्र भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करमार्फत सरकारको राजस्वमा उल्लेखनीय योगदान पुर्‍याउने क्षेत्रमध्ये एक हो । सवारी साधनको बिक्री बढ्दा राजस्व संकलनमा समेत ठोस र सकारात्मक प्रभाव पर्ने नाइमाको विश्वास छ । बैंकिङ प्रणालीमा विद्यमान अधिक तरलताको अवस्थालाई ध्यानमा राख्दा सवारी साधन कर्जामा ऋण-मूल्य अनुपात वृद्धि गर्नु पुँजी परिचालनको व्यावहारिक तथा प्रभावकारी उपाय हुन सक्ने नाइमाको धारणा छ ।

बैंकिङ प्रणालीमा विद्यमान अधिक तरलताको अवस्थालाई ध्यानमा राख्दा सवारी साधन कर्जामा ऋण-मूल्य अनुपात वृद्धि गर्नु पुँजी परिचालनको व्यावहारिक तथा प्रभावकारी उपाय हुन सक्ने नाइमाको धारणा छ । हायर-पर्चेज कर्जा किस्ताबन्दी प्रणालीमा आधारित र धितो सुरक्षासहित प्रवाह गरिने भएकाले यसलाई तुलनात्मक रूपमा सुरक्षित कर्जा खण्ड मानिन्छ ।

सवारी साधन बिक्रीले सर्भिस केन्द्र, स्पेयर पार्ट्स, बिमा, वित्तीय सेवा, ढुवानी, प्राविधिक सेवा लगायतका सहायक उद्योगहरूलाई सक्रिय बनाउँदै प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने भएकाले यस क्षेत्रमा नीतिगत सहजीकरण आवश्यक रहेको नाइमाले जनाएको छ ।

## छोटकरी

### नेपालमा पोकोका ३ नयाँ स्मार्टफोन




काठमाडौँ । विश्वप्रसिद्ध प्रविधि कम्पनी साओमीको स्वामित्वमा रहेको चर्चित स्मार्टफोन पोको ब्रान्डको नेपाली बजारमा औपचारिक रूपमा पुनरागमन भएको छ । गेमिङ र बहुकार्य स्मार्टफोनको रूपमा युवामाझ लोकप्रिय रहेको पोकोको कमब्याकले स्मार्टफोन बजारमा प्रतिस्पर्धा बढाउने अनुमान गरिएको छ । ३ वर्षपछि टेलिटक प्राइभेट लिमिटेडसँग साझेदारी गर्दै पोकोले ३ वटा अत्याधुनिक स्मार्टफोन पोको एक्स-७ प्रो ५जी, पोको एफ-७ ५जी र पोको एफ-८ प्रो ५जी सार्वजनिक गरेको छ ।

उक्त स्मार्टफोन सार्वजनिक भएपछि आफ्नो धारणा व्यक्त गर्दै टेलिटकका कार्यकारी निर्देशक प्रतिक जालानले पोकोलाई फेरि नेपाली बजारमा ल्याउन पाउँदा उत्साहित भएको बताए । बलियो र छिटो काम गर्न सक्ने चिपसेटहरू र लामो समय टिक्ने ब्याट्रीसँगै नयाँ विशेषतासहित डिजाइन गरिएका नयाँ मोडेलहरूले नेपालीको दैनिकीलाई सहज र सरल बनाउने उनले दाबी गरे ।

६२१० एमएएच ब्याट्री, १२ जिबी र्‍याम र +५१२ जिबी रोम रहेको पोको एफ-८ प्रोको मूल्य ९९ हजार ९९९ रुपैयाँ तोकिएको छ । त्यस्तै, ६००० एमएएच ब्याट्री, १२ जिबी र्‍याम र +५१२ जिबी रोम उपलब्ध पोको एक्स-७ प्रो ५जीको मूल्य ६९ हजार ९९९ रुपैयाँ र पोको एक्स-७ प्रोको मूल्य ५५ हजार ९९९ तोकिएको छ । पोकोले ९ महिनासम्म किस्ताबन्दी सुविधा पनि दिएको छ, भने सबै मोडेलहरूमा १ वर्षको ब्रान्ड वारेन्टी सुविधासमेत छ । पोकोका यी नयाँ स्मार्टफोनहरू टेलिटकका आधिकारिक शोरूम तथा आउटलेटहरूमा उपलब्ध छन् ।

### नेसनल लाइफले मनायो ३९औँ वार्षिकोत्सव



काठमाडौँ । नेसनल लाइफ इन्स्यारेन्स कम्पनीले विभिन्न कार्यक्रम गरी ३९औँ वार्षिकोत्सव मनाएको छ । सप्ताहव्यापी रूपमा विभिन्न कार्यक्रम गरी मनाइएको वार्षिकोत्सव कार्यक्रमको काठमाडौँस्थित होटल ह्यात सेन्ट्रिकमा एक समारोह आयोजना गरी समापन गरिएको हो । कम्पनी अध्यक्ष प्रेमा राज्यलक्ष्मी सिंहले कम्पनीलाई अग्रस्थानमा पुर्‍याउन मुख्य भूमिका खेल्ने कर्मचारी, अभिकर्ता, बिमित वर्गहरू, शुभेच्छुक, सरोकारवालाहरू तथा सबैप्रति हार्दिक आभार व्यक्त गरिन् ।

उनले सेवाग्राहीलाई उच्चस्तरीय तथा सर्वसुलभ सेवा प्रदान गरी कम्पनीको व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्य अनुरूप कर्मचारीहरूलाई प्रविधिमा थप दक्ष बनाउनेतर्फ कम्पनीले विशेष ध्यान दिँदै आएको र यसै सन्दर्भमा कम्पनीका सम्पूर्ण प्रशासनिक कर्मचारीहरूलाई आर्टिफिसियल इन्टिलिजेन्ससम्बन्धी विस्तृत तालिम प्रदान गरिएको बताइन् । साथै उनले यस प्रकारका तालिमलाई निरन्तरता दिइने पनि बताइन् ।

समारोहमा, प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले कर्मचारी, अभिकर्ता बिमितलगायत सरोकारवाला सबैको प्रत्यक्ष अप्रत्यक्ष साथ र सद्भावले गर्दा कम्पनीले आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको र भविष्यमा पनि यस प्रकारको साथ सद्भाव प्राप्त रहने विश्वास व्यक्त गरे । साथै उनले नियामक निकायलगायत अन्य सम्बन्धित संस्थाहरूबाट प्राप्त मार्गदर्शन र सहयोगका लागि पनि कृतज्ञता ज्ञापन गरे । कम्पनीका देशैभर रहेका प्रदेश तथा शाखा कार्यालयहरूले पनि विभिन्न वृद्धाश्रम, बाल कल्याण संस्था एवं मानव सेवा आश्रम जस्ता संस्थाहरूमा यस प्रकारका कार्यक्रमहरू आयोजना गरिएको उनले बताए ।

### सानिमा रिलायन्सका उत्कृष्ट कर्मचारी सम्मानित



काठमाडौँ । सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडले चालु आर्थिक वर्षको अर्धवार्षिक व्यावसायिक समीक्षा, कार्यमूल्यांकन तथा व्यावसायिक रणनीति तय गर्न पोखरा र चितवनमा 'मिट द च्याम्पियन्स' कार्यक्रम सम्पन्न गरेको छ । कम्पनीले सो अवधिमा उत्कृष्ट कार्यसम्पादन गर्ने शाखा प्रबन्धक तथा कर्मचारीहरूलाई सम्मानसमेत गरेको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष केडियाले स्पष्ट लक्ष्य र प्रभावकारी कार्यान्वयनमार्फत कम्पनीलाई सफलताको शिखरमा पुर्‍याउन सकिने बताए । उनले चुनौतीपूर्ण आर्थिक अवस्था र मर्जरपछिको परिवेशमा पनि टिम भावनाका साथ कार्य गरी नतिजा निकाल्न आग्रह गरे । कार्यक्रममा कम्पनीको प्रगति विवरण प्रस्तुत गर्दै प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डेले प्रतिकूल बजारमा पनि कम्पनीले लाभांश वितरण गर्न सफल भएको जानकारी दिए ।

### नेपालगन्ज र घोराहीमा शाओमीको सर्भिस सेन्टर




नेपालगन्ज । विश्वप्रसिद्ध प्रविधि कम्पनी शाओमीले नेपालगन्जको सेतु बिकेचोकमा र दाङको घोराहीस्थित तुलसीपुरचोकमा आधिकारिक सर्भिस सेन्टर उद्घाटन गर्दै नेपालमा आफ्नो सेवा विस्तार गरेको छ । यो सुविधा केन्द्र शाओमी प्रयोगकर्तालाई थप सेवा, सुविधा प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको हो ।

नयाँ सर्भिस सेन्टरमार्फत शाओमीका स्मार्टफोन, वेअरएबल्स (जस्तै स्मार्टवाच र फिटनेस ब्यान्ड), हियरएबल्स (इयरफोन/हेडफोन), तथा आइओटी उपकरणहरूको मर्मत, सेवा तथा प्राविधिक सहयोग उपलब्ध गराइने कम्पनीले जनाएको छ । सर्भिस सेन्टरले शाओमीका वास्तविक (जेनुइन) स्पेयर पार्ट्स उपलब्ध गराउनुका साथै ग्राहकलाई गुणस्तरीय र भरपर्दो सेवा सुनिश्चित गर्नेछ ।

यो सर्भिस सेन्टरको सञ्चालन टेलिडाइरेक्ट प्रालिले गर्नेछ । टेलिडाइरेक्ट रमेश कर्पअन्तर्गतको कम्पनी हो, जसले नेपालभर शाओमी ब्रान्डका लागि आधिकारिक सर्भिस र ग्राहकलाई विश्वासयोग्य सेवा प्रदान गर्दै आएको छ । नेपालगन्जको सेतु बिकेचोक र दाङको घोराहीस्थित तुलसीपुरचोकका यी सर्भिस सेन्टरमा दक्ष प्राविधिकहरू उपलब्ध रहनेछन् ।